# गण्डकी विश्वविद्यालय खुला प्रतियोगिताद्वारा उपप्राध्यापक नियुक्तिका आधार तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३

**स्विकृत मितिः २०८३/०४/०७**

गण्डकी विश्वविद्यालय शिक्षक, कर्मचारीको सेवा शर्त, नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने मापदण्ड र पदस्थापन सम्बन्धी नियमावली, २०८१ को नियम ११४ (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी विश्वविद्यालय जनशक्ति व्यवस्थापन समितिले कार्यविधि बनाई स्वीकृत गरी "खुला प्रतियोगिताद्वारा उपप्राध्यापक नियुक्तिका आधार, अङ्क विभाजन, व्यवस्थापन तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३" लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो प्रक्रियाको नाम "खुला प्रतियोगिताद्वारा उपप्राध्यापक नियुक्तिका आधार तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अख्तियारवाला" भन्नाले नियमावलीमा अधिकार प्राप्त भनी तोकिएको अधिकारी सम्झनुपर्छ।

(ख) "अङ्क" भन्नाले कार्यविधिमा उल्लेख भएबमोजिम प्रदान गरिने अङ्क सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले जनशक्ति व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले गण्डकी विश्वविद्यालय ऐन, २०७६ सम्झनु पर्छ।

(ङ) "कार्यालय प्रमुख" भन्नाले विश्वविद्यालयको सङ्गठन वा निकायमा कार्यरत शिक्षक तथा कर्मचारीलाई कार्यकारी परिषद्ले प्रमुख भनी तोकेको शिक्षक तथा कर्मचारीलाई सम्झनुपर्छ। (यस शब्दले जनशक्ति व्यवस्थापन समितिको कार्यालयको प्रमुख भनी तोकेको शिक्षक तथा कर्मचारीलाई जनाउनेछ।)

(च) "जनशक्ति व्यवस्थापन समिति" भन्नाले ऐनको दफा १३ अनुसार विश्वविद्यालय सेवामा शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्न तथा गण्डकी विश्वविद्यालय शिक्षक, कर्मचारीको सेवा शर्त, नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने मापदण्ड र पदस्थापन सम्बन्धी नियमावली, २०८१ को नियम ५९ बमोजिम गठित समिति सम्झनु पर्छ।

(छ) "निकाय" भन्नाले विश्वविद्यालय अन्तर्गतका विभिन्न सङ्काय वा अन्य शैक्षिक निकायहरू सम्झनुपर्छ।

(ज) "पदाधिकारी" भन्नाले ऐनको दफा ६ बमोजिमका अतिरिक्त नियमावलीमा पदाधिकारी भनी उल्लेख गरिएका व्यक्तिहरू सम्झनुपर्छ।

(झ) "परिवार" भन्नाले विश्वविद्यालयका शिक्षक, कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, अविवाहित धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष र अविवाहित महिला शिक्षक कर्मचारीको हकमा निजको बाजे बज्यै तथा विवाहित महिला शिक्षक कर्मचारीको हकमा संयुक्त परिवारमा भए निजको सासू ससुरालाई समेत जनाउँछ।

(ञ) "प्रतियोगिता" भन्नाले जनशक्ति व्यवस्थापन समितिबाट लिइने खुला प्रतियोगिता सम्झनुपर्छ।

(ट) "प्रयोगात्मक परीक्षा" भन्नाले जनशक्ति व्यवस्थापन समितिबाट लिइने पदहरूको प्रयोगात्मक परीक्षा सम्झनुपर्छ।

(ठ) "मापदण्ड" भन्नाले विश्वविद्यालयका शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी तोकिएको मापदण्डलाई सम्झनु पर्छ।

(ड) "योग्यता" भन्नाले उपप्राध्यापक नियुक्तिको लागि तोकिएको न्यूनतम योग्यतालाई सम्झनु पर्छ।

(ढ) "लिखित परीक्षा" भन्नाले जनशक्ति व्यवस्थापन समितिबाट लिइने प्रतियोगितात्मक लिखित परीक्षा सम्झनु पर्छ।

(ण) "विभाग / कार्यक्रम" भन्नाले विश्वविद्यालयका सङ्काय अन्तर्गतका विभाग / शैक्षिक कार्यक्रम सम्झनुपर्छ।

(त) "विशेषज्ञ पद" भन्नाले विशेष प्रकृतिको काम, कर्तव्य, उत्तरदायित्व भएको र विशेष योग्यता चाहिने पद सम्झनु पर्छ।

(थ) "विश्वविद्यालय" भन्नाले गण्डकी विश्वविद्यालय सम्झनु पर्छ।

(द) "विश्वविद्यालय सेवा" भन्नाले नियम बमोजिम गठित विश्वविद्यालय सेवा सम्झनु पर्छ।

(ध) "सदस्य" भन्नाले जनशक्ति व्यवस्थापन समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउनेछ।

(न) "स्थायी पद" भन्नाले नियमावलीमा तोकिएको विश्वविद्यालय सेवाको स्थायी सेवा पद सम्झनु पर्छ।

(प) "शिक्षक" तथा "कर्मचारी" भन्नाले विश्वविद्यालय सेवाका पदमा स्थायी वा करार सेवामा बहाल रहेको व्यक्ति सम्झनु पर्छ।

(२) ऐन वा नियम अन्तर्गतको प्रयुक्त शब्द र वाक्यांशहरू यस प्रक्रियामा भएकोमा प्रसङ्गवश अर्को अर्थ नलागेमा ती शब्द र वाक्यांशहरूको व्याख्या सोही अनुरूप हुने सम्झनु पर्छ।

## परिच्छेद-२

## सिफारिस सम्बन्धी कारबाही

**३.** नियममा अन्यथा स्पष्ट व्यवस्था भएकोमा बाहेक स्वीकृत भएका दरबन्दीमा कार्यकारी परिषद्ले खुला प्रतियोगिताद्वारा स्थायी सेवामा पदपूर्तिका लागि तोकी पठाएको पद, पदको संख्या र प्रतियोगिताको किसिमका आधारमा जनशक्ति व्यवस्थापन समितिले उपप्राध्यापक पदमा नियुक्तिको लागि सिफारिस सम्बन्धी कारबाही सुरु गर्नेछ र साधारणतया ३ महिना भित्रै सिफारिसको कारबाहीको टुङ्गो लगाई सक्नेछ ।

**४. विज्ञापन र आवेदन फारामः** (१) कार्यकारी परिषद्ले स्थायी पदपूर्तिका लागि तोकी पठाएको पद, पदको संख्या र प्रतियोगिताको किसिमका आधारमा समितिले उपप्राध्यापकको नियुक्तिको लागि सिफारिस सम्बन्धी कारबाही सुरु गर्नेछ।

(२) नियुक्ति लागि सिफारिस गरिने तोकिएका विभिन्न पद, तिनको संख्या एवं प्रतियोगिताको किसिम समेत खुलाई समितिले सिफारिस गर्ने पदहरूको विज्ञापन राष्ट्रिय स्तरको पत्र-पत्रिकामा वा विश्वविद्यालयको वेब साइट (web-site) मा प्रत्येक पद र विषय अनुसार छुट्टाछुट्टै विज्ञापन नं. राखी प्रकाशित गर्नेछ ।

(३) विज्ञापन अनुसार आवेदन दिने म्याद विज्ञापनको प्रथम प्रकाशनको मितिबाट सामान्यतया २१ दिनको हुनेछ । दोब्बर दस्तुर तिरेर थप ७ दिनसम्म आवेदन फाराम भर्ने म्याद कायम रहनेछ। विज्ञापन प्रकाशन गरेको मिति पछिको शैक्षिक योग्यता र अनुभव गणना गरिने छैन ।

(४) विज्ञापन बमोजिम न्यूनतम योग्यता पुग्ने उम्मेदवारहरूले आवेदन फारामसाथ तोकिएको दस्तुर दाखिला गरी म्यादभित्र समितिको कार्यालयमा बुझाई सक्नु पर्नेछ।

(५) आवेदन फाराम अनलाइनबाट डाउनलोड गरी भर्न सकिनेछ वा फाराम भर्नका लागि विश्वविद्यालयको केन्द्रीय कार्यालयमा उपस्थित भई फाराम भरी जनशक्ति व्यवस्थापन समितिको कार्यालयमा बुझाउनु सकिनेछ, जसको साथमा अनुसूची १ बमोजिमका दस्तावेजहरू समावेश गर्नु

पर्नेछ। समितिबाट भएको विज्ञापनमा आवेदन फाराम भर्दा लाग्ने दस्तुर समितिले तोके बमोजिम हुनेछ।

(६) म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लिखित सर्तहरू पूरा नभएको आवेदन फाराममा कुनै कारबाही हुने छैन ।

(७) समितिले प्रतियोगिताका लागि आवेदकहरू मध्येबाट योग्य उम्मेदवारको नामावली विश्वविद्यालयको वेब साइट (web-site) र सूचनापाटी दुवैमा प्रकाशन गर्नेछ ।

(८) समितिमा दाखिला भइसकेका आवेदन, आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन र सूचनाको हकको प्रयोजनको निम्ति सिफारिस/वैकल्पिक उम्मेदवारहरूले प्राप्त गरेको कुल अङ्क मात्र माग भएमा उपलब्ध गराइने छ ।

(९) पदपूर्तिका लागि विज्ञापन गर्दा आवेदन फारामको ढाँचा अनुसूची १ मा तोके बमोजिम हुनेछ।

**५. खुला प्रतियोगितामा उम्मेदवार हुनको लागि अयोग्यता :** (१) देहायका व्यक्तिहरू विश्वविद्यालय सेवाको प्रतियोगितामार्फत उपप्राध्यापक पदमा उम्मेदवार हुन सक्ने छैनन् :-

(क) २१ वर्ष उमेर पूरा नभएका र ५० वर्ष पूरा भइसकेको

(ख) भविष्यमा विश्वविद्यालय सेवा वा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएका,

(ग) गैर नेपाली नागरिक,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको।

## परिच्छेद-३
## खुला प्रतियोगिता सिफारिसका आधार

**६. प्रतियोगिताका प्रकार र अनुपातः** (१) प्रतियोगिताको प्रकारः जनशक्ति व्यवस्थापन समितिले कार्यकारी परिषद्ले तोके बमोजिम खुला प्रतियोगिताका आधारमा स्थायी उपप्राध्यापक नियुक्तिको लागि कार्यकारी परिषद्मा सिफारिस गर्नेछ ।

(२) योग्यताका आधार सिफारिस तथा पूर्णाङ्क विभाजनः गण्डकी विश्वविद्यालय सेवामा नियुक्तिको लागि उपप्राध्यापकको न्यूनतम शैक्षिक योग्यता र अनुभव देहाय बमोजिम हुनेछः-

| **पद** | **शैक्षिक योग्यता** |
|---|---|
| उपप्राध्यापक | मान्यता प्राप्त स्वदेशी/विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको वा सो सरह। |

**७. खुला प्रतियोगिताको सिफारिसका आधारः** खुला प्रतियोगिता अन्तर्गत देहायका पदमा नियुक्तिको सिफारिसको लागि निर्धारित पूर्णाङ्क १०० लाई देहाय बमोजिम विभाजन गरिनेछः

| **आधार** | **अङ्क विभाजन** |
|---|---|
| १. शैक्षिक योग्यता | १४ |
| २. अनुसन्धान तथा कृति प्रकाशन | ८ |
| ३. अध्यापन तथा अनुसन्धान अनुभव | ३ |
| ४. लिखित परीक्षा | ४५ |
| ५. अन्तर्वार्ता | ३० |
| **जम्मा** | **१००** |

**८. शैक्षिक योग्यताः** (१) खुला प्रतियोगिता अन्तर्गत उपप्राध्यापक पदमा पदपूर्तिका लागि शैक्षिक योग्यताको अङ्क विभाजन विनियम ७ बमोजिम देहायअनुसार हुनेछः

<table>
<tr><th rowspan="2">योग्यता</th><th colspan="3">श्रेणी वा CGPA</th></tr>
<tr><th>विशिष्ठ वा /A/A-<br>[3.7-4]</th><th>प्रथम वा B+<br>[3.3-3.69]</th><th>द्वितीय वा B<br>[3.0-3.29]</th></tr>
<tr><td>स्नातकोत्तर (प्राध्यापक पदका लागि)</td><td>१०</td><td>८</td><td>६</td></tr>
<tr><td rowspan="2">एम.फिल.<br>वा<br>पिएच. डी.</td><td>२</td><td>१</td><td>०.५</td></tr>
<tr><td colspan="3">४</td></tr>
</table>

(२) शैक्षिक योग्यताको सम्बन्धमा अन्य व्यवस्थाः (क) उपप्राध्यापक पदमा सुरु नियुक्ति हुने उम्मेदवारले आफ्नो शैक्षिक योग्यताको लागि माथि उल्लेख भए बमोजिम अङ्क पाउने छ।
(ख) एक वा एकभन्दा बढी तह नाघी शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारका लागि बीचका तहहरूको द्वितीय श्रेणीको अङ्क प्रदान गरिनेछ ।
(ग) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ ।
(घ) अतिरिक्त उपाधिको हकमा यसै अनुसूचीमा तोकिए बमोजिम हुनेछ ।
(ङ) भिन्न विषयको समान तहको एक भन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको भए ती मध्ये आवेदित पदसँग सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ।

(च) आवेदन दिने अन्तिम मितिसम्म पूरा नभएका तथा आवेदन फाराममा उल्लेख नभएका शैक्षिक उपाधिहरूको अङ्क दिइने छैन ।

(छ) शैक्षिक उपाधिको हकमा श्रेणी वा ग्रेड समेत खुलेको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ। अन्यथा आवेदन फाराम स्वीकार गरिने छैन ।

(ज) आफ्नो शैक्षिक योग्यता अनुसारको पेशामा संलग्न हुन अनुमति (License) आवश्यक पर्ने भएमा वा आफ्नो पेशा व्यवसायसँग सम्बन्धित काउन्सिलमा दर्ता गर्नुपर्ने भएमा सोको अनुमति पत्र तथा दर्ता प्रमाणपत्र संलग्न गर्नुपर्नेछ।

**९. अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजनः** (१) खुला प्रतियोगिताबाट हुने उपप्राध्यापक पदको नियुक्तिका लागि आवेदन दिने उम्मेदवारले अनुसन्धान तथा कृति प्रकाशनबापत देहायअनुसार तोकिएको अधिकतम अङ्कसम्म प्राप्त गर्न सक्नेछन्ः

| **क्र.सं.** | विवरण | प्रति अङ्क | अधिकतम् अङ्क |
|---|---|---|---|
| १ | सम्बन्धित विषयको पाठ्यपुस्तक/सन्दर्भ ग्रन्थ/म्यानुअल/ पुस्तकको परिच्छेद (chapter) | ०.५ | १ |
| २ | सम्बन्धित विषयको अनुसन्धानात्मक सन्दर्भ ग्रन्थ | १ | १ |
| ३. | सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन | १ | १ |
| ४ | विषयगत अन्तर्राष्ट्रिय जर्नल वा Star Rated NepJOL /UGC, Nepal मा सूचिकृत जर्नलमा प्रकाशित लेख | २ | २ |
| ५ | विषयगत जर्नल/NepJOLमा प्रकाशित अनुसन्धानात्मक लेख | ०.५ | १ |
| ६ | स्नातकोत्तर तहको शोध निर्देशन<br>वा<br>पिएच.डी. शोध निर्देशन | ०.५<br>१ | १<br>१ |
| | **अधिकतम् अङ्क** | | ८ |

**१०. लेखकको आधारमा अंकः** (१) वहुलेखक रहेका लेखका हकमा लेखकको प्रकृति हेरी अनुसूची-२ मा उल्लेख भए बमोजिम अधिकतम अङ्कसम्म प्राप्त गर्न सक्ने छन् ।

(२) DOI नभएको अनुसन्धान लेखलाई अन्तर्राष्ट्रिय प्रकाशनको अङ्क प्रदान गरिने छैन।

**११. Predatory Journal:** Predatory जर्नलमा प्रकाशित कुनै पनि लेखलाई अङ्क प्रदान गरिने छैन। Predatory Journal निर्धारण गर्दा Cabells, Beall's List (ऐतिहासिक सन्दर्भ), UGC/University Blacklist तथा COPE का मापदण्ड प्रयोग गरी जनशक्ति व्यवस्थापन समितिले सूची प्रकाशन गर्नेछ।

**१२. साहित्यिक चोरी (Plagiarism):** १० प्रतिशतभन्दा बढी Similarity (उद्धरण तथा सन्दर्भ सूची बाहेक) भएका अनुसन्धान लेखलाई अङ्क दिइने छैन। विश्वविद्यालयले स्वीकृत गरेको Plagiarism Detection Software (जस्तै Turnitin वा iThenticate) को प्रतिवेदन अनिवार्य पेस गर्नु पर्नेछ।

**१३. अनुसन्धान अखण्डता (Research Integrity)**: Fabrication, Falsification वा Plagiarism प्रमाणित भएमा उम्मेदवार स्वतः अयोग्य हुनेछ।

**१४. अध्यापन तथा अनुसन्धान अनुभवको अङ्कः** (१) खुला प्रतियोगिताबाट हुने उपप्राध्यापक पदको नियुक्तिका लागि अध्यापन तथा अनुसन्धान अनुभवबापत प्रदान गरिने अङ्कको निर्धारण गर्दा उम्मेदवारले आवेदन दिएको मितिसम्ममा अध्यापन वा अनुसन्धान गरेको विश्वविद्यालय वा शैक्षिक संस्थाको श्रेणी (Rank) का आधारमा, त्यस्तो विश्वविद्यालय वा उच्चशैक्षिक संस्थामा पूर्णकालीन रूपमा कार्य गरेको प्रत्येक वर्षबापत देहायअनुसार अङ्क प्रदान गरिनेछः

| **आवेदित पद** | **सम्बन्धित पद वा सो सरहको पदमा सेवा गरेबापत प्रति वर्ष आर्जन गर्ने अङ्क** | **पूर्णाङ्क** |
|---|---|---|
| उप-प्राध्यापक | १ | ३ |

**१५. सम्बन्धित पदमा सेवा अनुभव सम्बन्धमा थप अन्य व्यवस्थाः** (१) सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा ६ महिना भन्दा घटी अवधिको लागि अङ्क दिइने छैन। ६ महिनाका लागि प्रति वर्ष दिइने अङ्कको आधा अङ्क दिइने छ। सेवा अवधिको गणना गर्दा अटुट रूपमा गरेको अवधिलाई जोडिने छ। यसरी जोड्दा उम्मेदवार आफू बहाल रहेको पद र सो भन्दा तल्लो पदहरूमा काम गरेको अवधि जोडी एक वर्ष अवधि पुगेमा जुन पदमा बढी महिना काम गरेको देखिन्छ सोही पदको अङ्क दिइने छ ।

(२) कुनै विश्वविद्यालयको पूर्व स्वीकृतिमा विश्वविद्यालयको सम्बन्धन प्राप्त क्याम्पसमा वा अन्यत्र बेतलबी काज वा बेतलबी बिदामा काम गरेको सेवा अवधिको समेत अङ्क गणना गरिने छ ।

(३) सेवा वर्ष गणना गर्दा जुनसुकै विश्वविद्यालयमा अटुट रूपमा गरेको अस्थायी वा करार सेवा अवधि मात्र गणना गरिनेछ साथै विश्वविद्यालयले खटाएको वा विश्वविद्यालयको पूर्व स्वीकृति लिई बिदामा बसेको अवधि पनि गणना गरिनेछ ।

**१६. खुला प्रतियोगितामा न्यूनतम उत्तीर्णाङ्कः** उम्मेदवारले लिखित परीक्षा हुने पदका हकमा लिखित परीक्षामा कम्तीमा ४० प्रतिशत अङ्क प्राप्त गरेको तथा कुल प्राप्ताङ्कमध्ये उपप्राध्यापक पदका लागि कम्तीमा ५० अङ्क प्राप्त गरेको हुनुपर्नेछ। उक्त न्यूनतम अङ्क प्राप्त नगर्ने उम्मेदवार सिफारिसयोग्य हुने छैन।

## परिच्छेद—४

## लिखित परीक्षा

**१७. लिखित परीक्षाः** (१) उपप्राध्यापक पदका लागि लिखित परीक्षा हुनेछ।

**१८. लिखित परीक्षाको स्वरूपः** लिखित परीक्षामा स्वरूप अनुसूचीमा-४ मा उल्लेख गरिए बमोजिम हुनेछ।

**१९. परीक्षा सञ्चालनः** (१) जनशक्ति व्यवस्थापन समितिले परीक्षा सञ्चालन गर्नेछ।

(२) आवश्यक परे लोकसेवा आयोग वा अन्य स्वायत्त निकायको प्राविधिक सहयोग लिन सकिनेछ।

**२०. उत्तरपुस्तिका मूल्याङ्कनः** उत्तरपुस्तिका मूल्याङ्कनमा (१) Double Blind Coding System अपनाइनेछ।

(२) प्रत्येक उत्तरपुस्तिका कम्तीमा एक जना परीक्षकबाट मूल्याङ्कन गरिनेछ।

(३) दुई जनाबाट परीक्षण गराउँदाको हकमा निर्धारित सीमाभन्दा बढी अङ्क फरक परे तेस्रो परीक्षकबाट मूल्याङ्कन गराइनेछ।

## परिच्छेद-५

## अन्तर्वार्ता सम्बन्धी व्यवस्था

**२१. अन्तर्वार्ताः** (१) जनशक्ति व्यवस्थापन समितिको विज्ञापन बमोजिम प्रतियोगिता हुने सबै उपप्राध्यापक पदको लागि अन्तर्वार्ता हुनेछ ।

(२) अन्तर्वार्ता सम्बन्धी सूचना प्रतियोगिता हुने दिनभन्दा कम्तीमा ७ दिन अगाडी विश्वविद्यालयको वेबसाइटमा र जनशक्ति व्यवस्थापन समितिको नोटिस बोर्डमा प्रकाशित गरिने छ।

(३) अन्तर्वार्ताको अङ्क विभाजन अनुसूची-५ बमोजिम ।

## परिच्छेद-६
## सिफारिस

**२२. योग्यताक्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्थाः** (१) उम्मेदवारहरूले प्राप्त गरेको प्राप्ताङ्क तलिकीकरण गरी योग्यता सूची तयार गरिने र तोकिएको दरबन्दीको आधारमा नतिजा प्रकाशन गरिनेछ। प्रकाशित नतिजा योग्यताक्रम अनुसार गरिने छ ।

**२३. बराबर अङ्क प्राप्त गरेका उम्मेदवारहरूको योग्यताक्रम सूची सम्बन्धी व्यवस्थाः** (क) उम्मेदवारहरूको कुल प्राप्ताङ्क बराबर हुन गएमा शैक्षिक योग्यतामा प्राप्त गरेको कुल अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिने छ । शैक्षिक योग्यतामा प्राप्त अङ्क पनि बराबर भएमा लिखित परीक्षामा प्राप्त गरेको अङ्कको आधारमा र सो मा पनि बराबर भए अनुसन्धान तथा कृति मूल्याङ्कनमा प्राप्त कुल अङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

## परिच्छेद-७
## विविध

**२४. सिफारिस बदर हुने अवस्थाहरूः** (१) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुट्टा विवरण दिएमा वा लिखित परीक्षा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा जनशक्ति व्यवस्थापन समितिले त्यस्तो उम्मेदवारलाई निजको कसुर हेरी जनशक्ति व्यवस्थापन समितिबाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्ने छ ।

(२) प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुट्टा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस स्वतः रद्द हुनेछ ।

(३) उम्मेदवारको मूल्याङ्कन तालिकामा कुनै भूलचुक भई पहिले सिफारिस वा नियुक्ति समेत भइसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा जनशक्ति व्यवस्थापन समितिले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

## परिच्छेद- ८
## बन्देजको अवस्था

**२५. बन्देजको अवस्थाः** (१) देहायको अवस्थामा देहायको अवधिभर कुनै पनि शिक्षक जनशक्ति व्यवस्थापन समितिबाट प्रकाशित विज्ञापन अनुसार कुनै पनि प्रतियोगितामा सामेल हुन पाउने छैनः-

(क) कुनै पनि कार्यरत संघ/संस्था/निकाय वा विश्वविद्यालयमा निलम्बन भएको भए निलम्बन अवधिभर ।

(ख) कुनै पनि कार्यरत संघ/संस्था/निकाय वा विश्वविद्यालयमा बढुवा रोक्का गरिएको भए

त्यसरी रोक्का भएको अवधिभर ।

(ग) कुनै पनि कार्यरत संघ/संस्था/निकाय वा विश्वविद्यालयमा तलब वृद्धि रोक्का भएको वा तलब घटाएको भए सो भएको मितिले १ वर्षसम्म ।

(घ) कुनै पनि कार्यरत संघ/संस्था/निकाय वा विश्वविद्यालयमा हालको पदमा ३ पटकसम्म नसियत पाएको भए अन्तिम पटक नसियत पाएको मितिले १ वर्षसम्म ।

**२६. व्याख्या र बाधा अड्काउ फुकाउने व्यवस्थाः** (१) यस उपप्राध्यापक नियुक्ति सिफारिस कार्यविधिमा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा जनशक्ति व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(२) यो कार्यविधिको अन्तिम व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार जनशक्ति व्यवस्थापन समितिलाई हुनेछ ।

# अनुसूची-१

## आवेदन फारामको ढाँचा

### गण्डकी विश्वविद्यालय

**जनशक्ति व्यवस्थापन समिति**

**गण्डकी प्रदेश, पोखरा, नेपाल**

**(शैक्षिक पदको खुला प्रतियोगिताका लागि)**

### आवेदन फाराम

**आवेदन फाराम नं. १**

| | | |
|---|---|---|
| विज्ञापन नं.: | दर्ता नं.: | दुबै कान देखिने हालसाले खिचेको पासपोर्ट साईजको फोटो (फाराममा पर्ने गरी दस्तखत गर्नुपर्ने) |
| आवेदित पद: | मिति: | |
| सेवा/समूह | भरपाइ नं.: | |
| | दरखास्त दस्तुर: | |
| | मिति: | |

| | | |
|---|---|---|
| **१. आवेदकको नाम र थरः** | | |
| नेपालीमा: | | |
| अंग्रेजीमा: | | |
| **२. व्यक्तिगत विवरणः** | नागरिकता नं.: | जिल्ला: |
| नागरिकता प्रमाण-पत्र जारी मिति: | | |
| जन्म मिति (वि.सं.): | | जन्म मिति (ई.सं.): |
| हालको उमेर | लिङ्ग: | बिशेष चिन्ह (हुलिया): |
| विवाहित भए पति/पत्नीको नाम: | | |
| बाजेको नाथ थर: | | पेशा/व्यवसाय: |
| आमाको नाम थर: | | पेशा/व्यवसाय: |
| बुवाको नाम थर: | | पेशा/व्यवसाय: |
| **स्थायी ठेगाना नागरिकताको प्रमाण–पत्रमा लेखिए अनुसार** | | **अस्थायी ठेगाना (हाल बसोबास गरिरहेको)** |
| प्रदेश: | | प्रदेश: |
| जिल्ला: | | जिल्ला: |
| गाउँ/नगरपालिका: | | गाउँ/नगरपालिका: |
| वडा नं.: | ब्लक नं.: | वडा नं.: ब्लक नं.: |
| टेलिफोन/मोवाईल नं.: | | इमेल ठेगाना: |
| **३. कुनै पेशामा कार्यरत भएः** हालको पद: | | स्थायी/अस्थायी/करार: |
| क्याम्पस/कर्यालय: | | |

४. **शैक्षिक योग्यताः** (विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिको मितिसम्म आफुले उत्तीर्ण गरेको परीक्षाहरूको विवरण दिने)

| उत्तीर्ण गरेको परीक्षा | उत्तीर्ण वर्ष | अध्ययन गरेको शिक्षण संस्थाको नाम र ठेगाना | कुल पूर्णाङ्क | कुल प्राप्ताङ्क | उत्तीर्ण श्रेणी | उत्तीर्ण प्रतिशत | प्रमाणित प्रतिलिपीको क्रम नम्बर |
|---|---|---|---|---|---|---|---|
| स्नातक वा सो स रह | | | | | | | |
| स्नातकोत्तर | | | | | | | |
| एम.फिल. | | | | | | | |
| विद्यावारिधी | | | | | | | |

---

### गण्डकी विश्वविद्यालय

**जनशक्ति व्यवस्थापन समिति**

**गण्डकी प्रदेश, पोखरा, नेपाल**

### प्रवेश-पत्र (कार्यालय प्रति)

दुबै कान देखिने हालसाले खिचेको पासपोर्ट साईजको फोटो (फाराममा पर्ने गरी दस्तखत गर्नुपर्ने)

१. **उम्मेदवारले भर्नेः**

(क) नाम, थर: ........................................................ विज्ञापन नं.: ................................................

(ख) आवेदित पद: ................................................... सेवा/समूह: ................................................

(ग) विषय: ............................................................ उम्मेदवारको दस्तखतको नमूना: ........................

(फारमको बुँदा नं. ७ मा गरेको दस्तखतसँग मिल्ने गरी दस्तखत गर्नुहोला ।)

१. **जनशक्ति व्यवस्थापन समितिको सम्बन्धित कर्मचारीले भर्नेः**

रोल नं.: ............................................... परीक्षा मिति: ...................................

परीक्षा केनद्र: ....................................................................

यस जनशक्ति व्यवस्थापन समतिबाट लिइने उक्त विषय र पदको लिखित परीक्षामा सम्मिलित हुन अनुमति दिइको छ ।

नोट: कृपया पछाडि होनुहोला । प्रमाणित गर्नेको दस्तखत: .................................

नाम र पद: ..................................................

**५. विषयगत तालिमः** {प्रतियोगिता हुने पद वा सो भन्दा एक तह मुनिको पदमा रही मान्यता प्राप्त संस्थाबाट विज्ञापन प्रकाशित हुनु भन्दा अगाडिको मितिसम्म प्राप्त विषयगत तालिमको मात्र उल्लेख गर्ने (उप-प्राध्यापक भन्दा तलका पदका लागि मात्र)}

| तालिमको नाम | तालिम दिने संस्थाको नाम | तालिमको अवधि | | | प्रमाणित प्रतिलिपिको सिलसिलेवार नम्बर |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | हप्ता/महिना | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**६. कार्य अनुभवको विवरणः** (विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिको मितिसम्म प्राप्त अनुभवको उल्लेख गर्ने):

| संगठन वा निकायको नाम, स्थान र जिल्ला | पदको नाम | स्थायी/ अस्थायी/ करार | पढाएको विषय र तह वा कामको विवरण | बहाल गरेको मिति | छाड्को वा सरुवा भएको मिति | जम्मा अनुभव वर्ष | प्रमाणित प्रतिलिपिको सिलसिलेवार नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

विज्ञापन प्रकाशित हुनुभन्दा अगाडिको मितिसम्मको अनुभव अवधिः

अनुभव अवधिः आवेदित पद भन्दा एक तह मुनिको/आवेदित पदमा जम्मा स्थायी सेवाः अवधि ............... वर्ष ........... महिना साविक पद (हाल कार्यरत पद) भन्दा तल्ला पदहरूमा जम्मा सेवा अवधि ............... वर्ष ............. महिना

कुल अनुभव अवधि ............. वर्ष ............. महिना

**७. उम्मेदवारले गर्नुपर्ने प्रतिज्ञाः**

मैले यस आवेदन फाराममा उल्लेख गरेको सबै विवरण ठीक साँचो छ। भुटा ठहरे नियमानुसार सहुँला बुझाउँला।

मितिः ...........................     उम्मेदवारको दस्तखतः ............................

सम्पर्क फोन नं. निवासः     कार्यालयः     मोबाईलः

**सम्लग्न कागजातहरुः**

१. नागरिकताको प्रमाणित प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी
३. तालिम तथा अनुभवका प्रमाणित प्रतिलिपीहरू
४. प्रकाशित लेख रचना शोध जर्नलका विवरण

| औंठा छाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

**८. सम्बन्धित विषयको प्रकाशित पाठ्यपुस्तकः**

| कार्यालय प्रयोजनको लागि मात्रः | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | पुस्तकको नाम | प्रकाशकको नाम | प्रकाशित मिति | एक्लै/संयुक्त | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**द्रष्टव्यः**

१. उम्मेदवारलाई प्रवेश-पत्र विना लिखित परीक्षा प्रतियोगितात्मक परीक्षा तथा अन्तर्वातामा सम्मिलित गराइने छैन।
२. प्रवेश-पत्र हराएमा प्रतिलिपी प्रवेश-पत्र लिन फोटो सहित रु. ३००/- दाखिला गर्नुपर्नेछ।
३. लिखित परीक्षा सुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षामा सम्मिलित गराइने छैन।
४. परीक्षार्थी लिखित परीक्षा सुरु भएको एक घण्टा अगावै परीक्षा हलबाट निस्कन पाउने छैन।
५. परीक्षा हलमा कुनै अनुचित कार्य गरेमा परीक्षा हलबाट निष्कासन गरिनेछ। निष्कासित परीक्षार्थीलाई नियमानुसार कारवाही हुनेछ।
६. परीक्षार्थीले परीक्षा हलमा मोवाइल फोन, परीक्षासँग सम्बन्धित कुनै पनि पुस्तक, कपी वा भोला आदि ल्याउन पाइनेछैन।
७. तोकिएको समय र स्थानमा लिखित परीक्षा वा अन्तर्वातामा उपस्थित नभएमा उम्मेदवारलाई अन्य कुनै व्यवस्था हुने छैन।
८. लिखित परीक्षा सुरु भएको एक घण्टा पछि एक पटक मात्र शौचालय जान पाइनेछ।
९. उत्तर पुस्तिकाको बाहिरी पृष्ठमा माग गरिएको विषय बाहेक अन्य कुनै चिन्ह लगाएमा वा अन्य केही लेखेमा सो उत्तर पुस्तिका रद्द गरिनेछ।
१०. परीक्षा केन्द्र एवम् लिखित परीक्षा हुने मिति र समय जनशक्ति व्यवस्थापन समितिबाट सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराइनेछ।

९. सम्बन्धित विषयको प्रकाशित पुस्तकको परिच्छेदः

| कार्यालय प्रयोजनको लागि मात्र: | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पुस्तकको नाम | प्रकाशकको नाम | प्रकाशित मिति | एक्लै/संयुक्त | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१०. सम्बन्धित विषयको म्यानुअल लेखनः

| कार्यालय प्रयोजनको लागि मात्र: | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | म्यानुअलको नाम | प्रकाशन गर्ने संस्थाको नाम | लेखन सम्पन्न भएको वर्ष | एक्लै/संयुक्त | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

११. विषयगत अन्तर्राष्ट्रिय जर्नलमा (Peer reviewed) प्रकाशित लेखः

| कार्यालय प्रयोजनको लागि मात्र: | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लेखको शिर्षक | जर्नलको नाम र अङ्क | प्रकाशित मिति साल र महिना | एक्लै/संयुक्त | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१२. विषयगत राष्ट्रिय जर्नलमा (Peer reviewed) प्रकाशित लेखः

| कार्यालय प्रयोजनको लागि मात्र: | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लेखको शिर्षक | जर्नलको नाम र अङ्क | प्रकाशित मिति साल र महिना | एक्लै/संयुक्त | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

जम्मा शोध निर्देशन: विद्यावारिधी: .....................
स्नातकोत्तर: ..................

**१३. शोध निर्देशन**

द्रष्टव्य: शोधनिर्देश गरेको सम्बन्धित विभाग विश्वविद्यालयको प्रमाणितपत्र संलग्न हुनपर्ने छ ।

कुल प्राप्ताङ्क: ...............................................

........................ अक्षरमा: .......................................................

आवेदकको हस्ताक्षर रुजु गर्नेको नाम र हस्ताक्षर: ..............................

..............................................................................................................

# गण्डकी विश्वविद्यालय

**जनशक्ति व्यवस्थापन समिति**

**गण्डकी प्रदेश, पोखरा, नेपाल**

## प्रवेश-पत्र

दुबै कान देखिने हालसाले खिचेको पासपोर्ट साईजको फोटो (फाराममा पर्ने गरी दस्तखत गर्नुपर्ने)

२. **उम्मेदवारले भर्नेः**

(क) नाम, थर: .......................................................... विज्ञापन नं.: .................................................

(ख) आवेदित पद: ...................................................... सेवा/समूह: .................................................

(ग) विषय: .............................................................. उम्मेदवारको दस्तखतको नमूना: ........................

(फारमको बुँदा नं. ७ मा गरेको दस्तखतसँग मिल्ने गरी दस्तखत गर्नुहोला ।)

१. **जनशक्ति व्यवस्थापन समितिको सम्बन्धित कर्मचारीले भर्नेः** रोल नं.: ........................................

परीक्षा मिति: .................................. परीक्षा केन्द्र: ..........................................................................................

यस जनशक्ति व्यवस्थापन समतिबाट लिइने उक्त विषय र पदको लिखित परीक्षामा सम्मिलित हुन अनुमति दिइको छ ।

प्रमाणित गर्नेको दस्तखत: ................................

नाम: ............................................................................ पद: ....................................................

## अनुसन्धानात्मक र अन्य कृतिहरूको सम्बन्धमा

**(शैक्षिक पदहरूका लागि मात्र)**

१. शोध निर्देशन बापत अङ्क प्राप्त गर्न चाहने उम्मेदवारले शोधार्थीको नाम शोध शिर्षक तथा शोधकार्य पुरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्बन्धित निकायबाट लेखिएको सक्कल पत्र नै पेश गर्नु पर्नेछ ।

२. समाचार पत्रहरूमा छापिएका लेखहरूको मूल्याङ्कन गरिने छैन । साथै सम्पादन कार्य अनुवाद कार्य तथा सङ्कलन मात्र भएका कृतिहरूको मुल्याङ्कन गरिने छैन ।

३. विज्ञापन प्रकाशित भईसकेपछि प्रकाशित भएका अनुसन्धान, कृतिपत्र तथा शोध निर्देशन कार्यको मूल्याङ्कन गरिने छैन ।

४. कृति मूल्याङ्कन सम्बन्धी व्यवस्था गण्डकी विश्वविद्यालय शिक्षक नियुक्तिका आधार कार्यसम्पादन तथा कार्यक्षमता अङ्क बिभाजन एवम् सिफारिस सम्बन्धी कार्यविधी २०७७ अनुसार हुनेछ ।

५. तोकिएको संख्याभन्दा बढि बुझाइएको पाइएमा क्रममा परेका तोकिएको कृतिहरू मात्र मूल्याङ्कनमा पर्नेछन् ।

६. आवेदकले आफ्ना कृतिहरूलाई जुन प्रकार अन्तर्गत मूल्याङ्कनका निमित्त पेश गरेको छ सोही प्रकार अन्तर्गत रहेर मात्र अङ्क गरिनेछ । आवेदकले माग गरेको भन्दा भिनन प्रकारमा पेश भएमा कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन ।

७. यस सम्बन्धी विस्तृत जानकारी गण्डकी विश्वविद्यालय शिक्षक नियुक्तिका आधार कार्य सम्पादन मूल्याङ्कन तथा कार्यक्षमता अङ्क बिभाजन एवम् सिफारिस सम्बन्धी प्रक्रिया (२०७७) बाट प्राप्त गर्न सकिनेछ ।

## आवेदन फारम साथ बुझाउनुपर्ने अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची

आवेदकको नाम: आवेदित पद: विज्ञापन नं.:

| क.सं. | कृतिको शिर्षक | प्रकार | प्रकाशक वा पत्रिकाको नाम | प्रकाशन वर्ष | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**शोध निर्देशन:**

| क.सं. | विद्यार्थीको नाम | शोधपत्रको शिर्षक | स्नातकोत्तर तह/पीएच.डी | शोधपत्र पुरा गरेको मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदकको हस्ताक्षर:

**द्रष्टव्य:**

१. दरखास्त फाराम साथ नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता लगायत सबै प्रमाणपत्रका प्रतिलिपीहरू नियमानुसार प्रमाणित गराई प्रत्येकको दुई दुई प्रति पेश गर्नु पर्नेछ ।

२. आवेदन फाराम तोकिएको दस्तुर सहित जनशक्ति व्यवस्थापन समितिको कार्यालयमा तोकिएको मिति र समय भित्र बुझाईसक्नु पर्नेछ ।

३. म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित शर्तहरू पुरा नभएको आवेदन फाराममा कुनै कारवाही गरिनेछैन ।

४. आवेदन फाराम उम्मेदवारले आफ्नो हस्ताक्षरले भरी सही गरेको नपाइएमा निजको आवेदन फाराम स्वत: रद्ध गरिनेछ ।

५. जनशक्ति व्यवस्थापन समितिमा दाखिला भैसकेको आवेदन दस्तुर र सम्बन्धित कागजातहरू फिर्ता गरिने छैन ।

आवेदकको हस्ताक्षर:

.....................................................................................................................................

**द्रष्टव्य:**

१. उम्मेदवारलाई प्रवेश-पत्र विना लिखित परीक्षा प्रतियोगितात्मक परीक्षा तथा अन्तर्वातामा सम्मिलित गराइने छैन ।

२. प्रवेश-पत्र हराएमा प्रतिलिपी प्रवेश-पत्र लिन फोटो सहित रु. ३००/- दाखिला गर्नुपर्नेछ ।

३. लिखित परीक्षा सुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षामा सम्मिलित गराइने छैन ।

४. परीक्षार्थी लिखित परीक्षा सुरु भएको एक घण्टा अगावै परीक्षा हलबाट निस्कन पाउने छैन ।

५. परीक्षा हलमा कुनै अनुचित कार्य गरेमा परीक्षा हलबाट निष्कासन गरिनेछ । निष्कासित परीक्षार्थीलाई नियमानुसार कारवाही हुनेछ ।

६. परीक्षार्थीले परीक्षा हलमा मोवाइल फोन, परीक्षासँग सम्बन्धित कुनै पनि पुस्तक, कपी वा झोला आदि ल्यान पाइनेछैन ।

७. तोकिएको समय र स्थानमा लिखित परीक्षा वा अन्तर्वातामा उपस्थित नभएमा उम्मेदवारलाई अन्य कुनै व्यवस्था हुने छैन ।

८. लिखित परीक्षा सुरु भएको एक घण्टा पछि एक पटक मात्र शौचालय जान पाइनेछ ।

९. उत्तर पुस्तिकाको बाहिरी पृष्ठमा माग गरिएको विषय बाहेक अन्य कुनै चिन्ह लगाएमा वा अन्य केही लेखेमा सो उत्तर पुस्तिका रद्द गरिनेछ ।

१०. परीक्षा केन्द्र एवम् लिखित परीक्षा हुने मिति र समय जनशक्ति व्यवस्थापन समितिबाट सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराइनेछ ।

## अनुसूची-२

## अनुसन्धान तथा कृति प्रकाशनको मूल्याङ्कनको व्यवस्था

क) अन्तर्राष्ट्रिय peer review जर्नलः

- प्रथम लेखक वा पत्राचार गर्ने लेखक भएमा प्रति जर्नल लेखको प्रति एकाइ बापतको अधिकतम अङ्क दिने र
- अन्य लेखकको हकमा author panel मा (जहाँ नाम भए पनि) प्रति जर्नल लेख बराबर प्रति एकाइ बापतको अधिकतम अङ्कको ५०% अङ्क प्रदान गर्ने ।

ख) राष्ट्रिय peer review जर्नलः

- प्रथम लेखक वा पत्राचार गर्ने लेखक भएमा प्रति जर्नल लेखको प्रति एकाइ बापतको अधिकतम अङ्क दिने र
- अन्य लेखकको हकमा author panel मा (जहाँ नाम भए पनि) प्रति जर्नल लेख बराबर प्रति एकाइ बापतको अधिकतम अङ्कको ५०% अङ्क प्रदान गर्ने

ग) सम्बन्धित विषयको म्यानुएल लेखनः

- प्रथम लेखकको हकमा प्रति म्यानुएल प्रति एकाइ बापतको अधिकतम अङ्क दिने र
- अन्यका लेखन(जहाँ नाम भए पनि) प्रति म्यानुएल प्रति एकाइ बापतको अधिकतम अङ्कको ५०% अङ्क दिने ।

घ) सम्बन्धित पाठ्यपुस्तक ग्रन्थः

- प्रथम लेखकको हकमा प्रति पाठ्यपुस्तक प्रति एकाइ बापतको अधिकतम अङ्क दिने र
- अन्य लेखन(जहाँ नाम भए पनि) प्रति पाठ्यपुस्तक प्रति एकाइ बापतको अधिकतम अङ्कको ५०% अङ्क दिने ।

ङ) सम्बन्धित विषयको पुस्तक, पुस्तकको परिच्छेद (chapter) लेखनः

- प्रथम लेखकको हकमा प्रति पुस्तक, परिच्छेद (chapter) लेखन प्रति एकाइ बापतको अधिकतम अङ्क दिने र

- अन्य लेखन(जहाँ नाम भए पनि) प्रति परिच्छेद (chapter) लेखन प्रति एकाइ बापतको अधिकतम अङ्कको ५०% अङ्क दिने ।

च) पीएच.डी शोध निर्देशन/स्नातकोत्तर शोध निर्देशनः मुख्य निर्देशनलाई प्रति विद्यार्थी प्रति एकाइ बापतको अधिकतम अङ्क दिने र अन्य सदस्यलाई अङ्क नदिने । (PhD र M.Sc./स्नातकोत्तर शोधको मूल्याङ्कनको निम्ती शोधार्थीको नाम, शोध शीर्षक तथा शोधकार्य पूरा भई उपाधि प्रदान गरिएको मिति उल्लेख गरी सम्बन्धित निकायबाट लेखिएको प्रमाण/सक्कल पत्र पेस गरेको हुनु पर्दछ ।

**२.२ अनुसन्धान तथा कृति प्रकाशन सम्बन्धी अन्य व्यवस्थाः**

क. समाचारपत्रहरूमा छापिएका लेखको मूल्याङ्कन गरिने छैन ।

ख. विज्ञापन प्रकाशित भई सकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृति प्रकाशन एवं शोध निर्देशन कार्यको मूल्याङ्कन गरिने छैन ।

ग. आवेदकले आफ्ना कृतिहरूलाई जुन प्रकार अन्तर्गत मूल्याङ्कनका निमित्त पेस गरेको छ । सोही प्रकार अन्तर्गत रहेर मात्र अङ्कन गरिने छ । आवेदकले माग गरेको भन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन ।

घ. आवेदकले प्रत्येक महलमा उल्लेखित कृति संख्या भन्दा पचास प्रतिशत थप बढि कृतिहरू बुझाउन सक्नेछ ।

ङ. आवेदकले आवेदन फाराम सँगै पेस गर्न ल्याएका अनुसन्धानमूलक र अन्य कृतिहरूको सूचि आवेदन फारामका साथै तपसिल बमोजिमको ढाँचामा समेत उल्लेख गरी पेस गर्नु पर्ने छ । आवेदकले पेस गरेको अनुसन्धानमूलक र अन्य कृतिहरूको सूचि अन्तर्वार्ताको सूचना प्रकाशित गरेपछि सबैको जानकारीका लागि जनशक्ति व्यवस्थापन समितिको सूचना पाटिमा टाँस गरिनेछ ।

## अनुसूची-३

### आवेदन फारामसाथ बुझाउनु पर्ने अनुसन्धानमूलक र अन्य कृतिहरूको सूचिको ढाँचा

आवेदन फारामसाथ बुझाउनु पर्ने अनुसन्धानमूलक र अन्य कृतिहरूको सूचिको ढाँचा निम्नानुसार हुनेछः

आवेदित पदः विज्ञापन नं.

आवेदकको नामः

क) जर्नल लेखहरूः

| क्र.सं | लेखको शीर्षक | अन्तर्राष्ट्रिय/राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धानत्मक लेख | जर्नलको नाम, वर्ष र अङ्क | प्रकाशन वर्ष | प्रकाशकको नाम | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

ख) पाठ्यपुस्तक वा सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदनः

| क्र.सं. | पुस्तकको नाम | पाठ्यपुस्तक वा सन्दर्भ पुस्तक वा प्रकाशित अनुसन्धान प्रतिवेदन | प्रकाशकको नाम | प्रकाशन वर्ष | एक्लै वा संयुक्त लेखन |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

ग) शोध निर्देशनः

| क्र.सं. | विद्यार्थीको नाम | शोधपत्रको शीर्षक | स्नातकोत्तर वा पीएचडी. | मुख्य निर्देशकको नाम | शोधपत्र पुरा गरेको मिति |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

आवेदकको हस्ताक्षरः

## अनुसूची-४
## लिखित परीक्षा

(१) खुला  प्रतियोगिताको माध्यमद्वारा उपप्राध्यापक पदमा नियुक्तिको लागि सिफारिस गर्न लिखित परीक्षा लिइने छ। लिखित परीक्षाको पूर्णाङ्कको विभाजन देहायका आधारमा हुनेछ ।

| | **क्षेत्रहरू** | **अङ्क** |
|---|---|---|
| **प्रथम पत्र** | **क) वस्तुगत र विषयगत**<br>१. बहुवैकल्पिक प्रश्न (MCQ): उच्च शिक्षा, अध्यापन तथा अनुसन्धान, नीतिहरू आदि सम्बन्धी सामान्य ज्ञान (३०%)<br>२. गण्डकी विश्वविद्यालयका नीतिहरू र कानुनी संरचना (१०%)<br>३. नेपालको उच्च शिक्षा सम्बन्धी नीतिहरू (२०%)<br>४. शिक्षण विधि (Pedagogy) र अनुसन्धान विधि (४०%) | ३० + ७० |
| **द्वितीय पत्र** | **ख) सम्बन्धित विषयको ज्ञान (विषयगत)**<br>१. सम्बन्धित स्नातक तहको पाठ्यक्रममा सामान्यतया समावेश गरिएका विषयवस्तुहरूको ज्ञान (७०%)<br>२. सम्बन्धित क्षेत्रका समसामयिक प्रवृत्तिहरूबारे आधारभूत ज्ञान (१५%)<br>३. सम्बन्धित क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा विश्वव्यापी प्रवृत्ति र मुद्दाहरू (१५%) | १०० |
| | कुल लिखित परीक्षाको पूर्णाङ्क | २०० |

नोटः प्रथम पत्रको हकमा वस्तुगत (Objective) ३० अङ्क र विषयगत (Subjective) ७० अङ्कको परीक्षा लिइनेछ । र द्वितीय पत्रको हकमा विषयगत (Subjective) परीक्षा मात्र १०० अङ्कको लिइने छ ।

४.२ दुवै पत्रको लिखित परीक्षाको उत्तिर्णाङ्क ४० प्रतिशत हुनेछ ।

४.३ दुवै पत्रको पूर्णाङ्क जम्मा २०० भएतापनि त्यसलाई अन्तिमा ४५% मा परिमार्जन गरिनेछ ।

४.३ कुल प्राप्ताङ्कको आधारमा योग्यताक्रम सूची निर्धारण गरिनेछ ।

## अनुसूची-५
## अन्तर्वार्ता

(१) निम्न लिखित पदको अन्तर्वार्ताका लागि निर्धारित अङ्क विभाजन देहाय बमोजिम हुनेछ।

| पद | विज्ञहरूको संख्या | अन्तर्वार्ता पूर्णाङ्क | | जम्मा |
|---|---|---|---|---|
| | न्यूनतम | समितिका अध्यक्ष/सदस्यहरू | विशेषज्ञहरू | |
| उपप्राध्यापक | २ | १० | २० | ३० |

**५.४ विशेषज्ञ सम्बन्धी व्यवस्थाः**

क. प्राज्ञिक परिषद्ले तयार पारेको रोष्टरबाट आन्तरिक र बाह्य विशेषज्ञहरू जनशक्ति व्यवस्थापन समितिले तोक्नेछ । रोष्टरमा भएका बाह्य वा आन्तरिक विशेषज्ञहरू उपलब्ध हुन नसकेको अवस्थामा जनशक्ति व्यवस्थापन समितिले सो सम्बन्धी उपयुक्त निर्णय लिनेछ ।

ख. जनशक्ति व्यवस्थापन समितिका अध्यक्ष र विशेषज्ञहरूले दिएको अङ्क जोडी प्राप्त हुन आएको अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ ।

ग. अन्तर्वार्ताको प्राप्ताङ्क अन्तर्वार्ताको पूर्णाङ्कको ४० प्रतिशत अङ्क भन्दा कम भएमा उम्मेदवार सिफारिस हुने छैन ।

घ. जनशक्ति व्यवस्थापन समितिका अध्यक्ष वा सदस्य विषय विशेषज्ञले उम्मेदवारलाई अन्तर्वार्ताको पूर्णाङ्कको ८० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा घटी अङ्क दिनु परेमा सो को कारण जनाउनु पर्नेछ ।यदि १ जना विज्ञ वा समिति सदस्यले मात्र कारण खुला नगरी न्यूनतम वा अधिकतम अङ्क प्रदान गरेमा क्रमशः ४० र ८० अङ्क कायम गरिनेछ ।

ङ. अन्तर्वार्ता, लिखित परीक्षा वा अन्य मूल्याङ्कनमा बस्नेहरू (अध्यक्ष, सदस्य, विशेषज्ञ आदि) को पतिपत्नी, छोरा, बुहारी, छोरी, ज्वाई, धर्मपुत्र र धर्मपुत्री, नाति, नातिना, बाबु, आमा वा सौतेनी आमा, सहोदर दाजुभाइ र निजका पत्नी एवम् उनीहरूका छोरा छोरीहरू, सहोदर दिदि, बहिनी र निजका पति एवम् उनीहरूका छोरा छोरी वा विवाहित महिला कर्मचारीको हकमा निजका सासुससुरा मध्ये कुनै नाता पर्ने भएमा त्यस्तो नाता पर्ने व्यक्ति वा पदाधिकारी सो पदको कुनै पनि दिनको अन्तर्वार्ता वा अन्य मूल्याङ्कनमा विशेषज्ञको रुपमा नियुक्त हुन सक्ने छैन ।

## अनुसूची-६

## अन्तर्वार्ताको मुल्याङ्कन ढाँचा

गण्डकी विश्वविद्यालयको उपप्राध्यापक पदको लागि जनशक्ति व्यवस्थापन समितिबाट मिति २०८३।.....।......गते प्रकाशित सूचना अनुसार दरखास्त दिएकाहरू मेरो नजिकको नातेदार नपर्ने साथै आवेदकहरूले पेस गरेको विश्वविद्यालयसम्बन्धी अन्तिम चरणको अन्तर्वार्ताको क्रममा मेरो कुनै व्यतिगत स्वार्थ नरहेको व्यहोरा घोषणा गर्दछु ।

**आवेदकको नामः** **विज्ञापन नं.**

**पदको नामः** उप-प्राध्यापक ....................

| **क्र.स.** | **मूल्यांकनको आधारहरु** | **पूर्णाङ्क** | **प्राप्तांक** | **कैफियत** |
|---|---|---|---|---|
| १. | विषयवस्तुको ज्ञान | ६ | | |
| २. | प्रस्तुतीकरण शैली | २ | | |
| ३. | आत्मविश्वासको स्तर | २ | | |
| | **कूल अङ्कः** | **१०** | कूल प्राप्ताङ्क अङ्कमा :<br>कूल प्राप्ताङ्क अक्षरमाः | |

[नोटः ४०% भन्दा कम र ८०% भन्दा वढी अङ्क दिनुपरेमा उपयुक्त कारण अनिवार्य लेख्नु पर्नेछ। कारण नलेखेमा बढीमा ८०% र घटीमा ४०% मात्र अङ्क कायम गरिने छ ।]

**अन्तर्वार्ताकारको हस्ताक्षरः**

**नामः**

**पदः**

**मितिः**